# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित


खण्ड : ०४ सङ्ख्या : ०७ मिति : २०७७/०४/२५


## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०७७/०३/२६

# नगर प्रहरी सेवा गठन तथा सञ्चालन ऐन २०७७


हतुवागढी राजपत्र

**प्रस्तावना** : नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगर प्रहरी सेवाको गठन तथा सञ्चालन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हतुवागढी गाउँपालिका, घोडेटार, भोजपुरको गाउँसभाबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो ऐनको नाम "नगर प्रहरी सेवा गठन तथा सञ्चालन ऐन २०७७" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले नगर प्रहरी सेवा गठन तथा सञ्चालन ऐन २०७७ सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले हतुवागढी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले हतुवागढी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) “सभा” भन्नाले हतुवागढी गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ङ) “अध्यक्ष” भन्नाले हतुवागढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “नगर प्रहरी” भन्नाले यस ऐन बमोजिम हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयबाट नियुक्त नगर प्रहरी अधिकृत र सहायक नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(ज) “नगर प्रहरी प्रमुख” भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी अधिकृत सम्झनु पर्दछ ।

(झ) “समिति” भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(ञ) “स्थायी पद” भन्नाले म्याद नतोकिएको हतुवागढी गाउँपालिकाको गाउँसभाद्वारा स्वीकृत स्थायी पद सम्झनु पर्दछ ।

(ट) “सेवा करार” भन्नाले यस ऐन बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

(ठ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन वा ऐन बमोजिमको नियम वा गाउँसभा वा गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

(ड) “बढुवा सिफारिस समिति” भन्नाले यस ऐनको दफा १६ बमोजिम गठित सिफारिस समिति सम्झनुपर्छ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवाको गठन सम्वन्धी व्यवस्था

**३. नगर प्रहरी सेवाको गठन** :- (१) गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरीहरुको संख्या गाउँसभाले तोके बमोजिम हुनेछ।

**४. नगर प्रहरीमा रहने पदहरु** :- (१) नगर प्रहरी सेवामा देहाय बमोजिमका पदहरु रहनेछन्:-

क) नगर प्रहरी निरीक्षक (अधिकृत छैठौं)

(ख) नगर प्रहरी नायव निरिक्षक (सहायक पाँचौ)

(ग) नगर प्रहरी सहायक निरीक्षक (सहायक चौथो)

(घ) नगर प्रहरी हवल्दार (सहायक तेश्रो)

(ङ) नगर प्रहरी जवान (सहायक दोश्रो)

(२) गाउँ कार्यपालिकाले प्रत्येक पदको कार्य विवरण बनाई लागु गर्न सक्नेछ र त्यसरी लागु भएको कार्य विवरणमा नगर प्रहरीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व समेत उल्लेख गरिनेछ।

## परिच्छेद ३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरीको काम, कर्तव्य र अधिकार** :- (१) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने।

(२) गाउँपालिकाको सम्पतिको सुरक्षा र संरक्षण गर्ने।

(३) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको व्यवस्था गर्ने।

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने।

(५) गाउँको सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने।

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने।

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने।

(८) विपद् व्यवस्थापन सम्वन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने।

(९) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने।

(१०) छाडा पशु चौपायको नियन्त्रण तथा व्यवस्थापन गर्ने।

(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने गरी बजार क्षेत्रमा राखिएका सामग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने ।

(१३) सार्वजनिक जग्गा, बाटो, पुल-पुलेसा, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, चौतारी, खोला मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको सम्वन्धमा गाउँ कार्यपालिकाको निर्णयानुसार गर्ने ।

(१४) गाउँपालिका क्षेत्रमा अनियमित रुपमा नक्सा पास नगरी र नक्सा पास भएका संरचनाहरुको विषयमा प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन अनुसार गर्ने ।

(१५) जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने, म्याद गुज्रेका वा गुणस्तरहिन खाद्य सामग्रीहरुको विक्रि वितरण गरेको पाईएमा त्यसको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(१६) जनस्वास्थ्यलाई प्रतिकूल असर पर्ने स्थानमा पशुपन्छीजन्य वस्तुहरुको विक्रि वितरणमा रोक लगाउने र कसैले प्रचलित कानूनको प्रतिकूल हुने गरी पशुपन्छीको वध गरेमा तत्काल कारवाहीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(१७) गाउँपालिका क्षेत्र भित्र रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएका जीवजन्तुको व्यवस्थापन गर्ने ।

(१८) गाउँपालिका क्षेत्र भित्र रहेका खतरा जन्य घर, पर्खाल, टहरा र रुख विरुवा कटान गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(१९) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने ।

(२०) गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता नभई सञ्चालनमा रहेका व्यापार व्यवसायको दर्ता तथा नवीकरण गरे नगरेको अनुगमन गरी दर्ता तथा नवीकरण गर्न लगाउने ।

(२१) गाउँपालिका भित्र प्रचलित कानुन वा गाउँपालिकाको अनुमति वेगर राखिएका व्यानर, विज्ञापन, होडिङ्ग वोर्ड, पोष्टर, भित्ते लेखन लगायतका सामग्री हटाउने ।

(२२) गाउँ कार्यपालिकाको कार्यालयको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।

(२३) गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका उद्योग, व्यापार तथा व्यवसायीहरुले प्रचलित कानुन बमोजिम मूल्यसूची राखे नराखेको सम्वन्धमा अनुगमन गरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

(२४) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, पार्लर लगायतका व्यवसायहरु प्रचलित कानुनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानुन विपरित सञ्चालनमा रहेको पाईएमा कारवाहिको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(२५) गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा नीजि स्थानमा जुवा तास खेल्ने र मदिराजन्य पदार्थको विक्रि वितरणमा गाउँ कार्यपालिकाको निर्णयानुसार नियन्त्रण र व्यवस्थापन कार्यमा सहयोग गर्ने ।

(२६) सार्वजनिक स्थल लगायतका क्षेत्रहरुमा अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण कार्यलाई नियन्त्रण गर्ने ।

(२७) गाउँ कार्यपालिकाको कार्यालय मातहत आयोजना, कार्यक्रम अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(२८) गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(२९) प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्देशन बमोजिमको सम्पूर्ण कार्यहरु गर्ने ।

(२) नगर प्रहरीको कार्य विवरण तयार गर्दा दफा ५ को उपदफा (१) मा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ । प्रत्येक पदको कार्यविवरण नबने सम्म उल्लेखित दफा ५ को उपदफा (१) मा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई कार्यविवरणको रुपमा अंगिकार गरिनेछ ।

## परिच्छेद-४

## दरवन्दी सिर्जना र पदपूर्ति सम्वन्धी व्यवस्था

६. **दरवन्दी सिर्जना** :- (१) गाउँ कार्यपालिकाको कार्यालयमा रहने नगर प्रहरीको दरवन्दी सिर्जना गाउँसभाको निर्णय बमोजिम हुनेछ ।

७. **पदपुर्ति समिति** :- (१) नगर प्रहरी सेवामा कर्मचारी नियुक्ति गर्न देहाय बमोजिम पदपुर्ति समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) गाउँपालिका भित्र रहेका सुरक्षा निकायका प्रमुख -सदस्य

(ग) गाउँपालिका प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) नगर प्रहरीको पदपूर्ति समितिमा गाउँपालिका भित्रको प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

८. **पदपूर्ति समितिको काम कर्तव्य र अधिकार** :- (१) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐनको दफा ९ बमोजिम प्रतिशत निर्धारण गर्ने ।

(ख) पाठ्यक्रम तर्जुमा, हेरफेर तथा परिमार्जित गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तिका लागि सिफारिस गर्ने ।

(२) उपदफा (१) बमोजिम बाहेक अन्य कार्यविधि पदपुर्ति समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **नगर प्रहरी सेवाको पदपुर्ति** :- (१) नगर प्रहरी सेवामा कर्मचारीको देहायको पद देहाय बमोजिम पुर्ति गरिनेछ :-

| क्र.स. | पद | खुल्ला प्रतियोगिताद्धारा | बढुवा (कार्यक्षमता मूल्यांकन) द्धारा |
|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | - | १००% |
| २ | नगर प्रहरी नायव निरिक्षक | - | १००% |
| ३ | नगर प्रहरी सहायक निरिक्षक | ८०% | २०% |
| ४ | नगर प्रहरी हवल्दार | - | १००% |
| ५ | नगर प्रहरी जवान | १००% | - |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये सढ्सट्ठी पदमा खुल्ला र तेत्तीस प्रतिशत पदमा महिला उम्मेदवारहरु बीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(३) उपदफा (२) बमोजिम छुटयाइएको पदमा दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उर्त्तिण नभएमा त्यस्तो पदमा खुल्ला प्रतियोगिता वा समावेशी पदमा सहभागी भई उर्त्तिण भएका उम्मेदवारहरु मध्येबाट पदपुर्ति गरिनेछ ।

१०. **उम्मेदवारको योग्यता** :- (१) नगर प्रहरी पदको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

(क) अठार वर्ष पुरा भई चौविस वर्ष ननाघेको ।

तर खुल्ला प्रतियोगितामा भाग लिने बहालवाला स्थायी नगर प्रहरीको हकमा पैतीस वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) निरीक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको, सहायक निरिक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण, सहायक निरीक्षक र हवल्दार पदको लागि एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको र नगर प्रहरी जवानको लागि आठौं कक्षा उत्तिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनितिक दलको सदस्य नरहेको ।

(ङ) प्रचलित कानुन बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

(च) महिलाहरुको लागि कम्तीमा पाँच फिट र पुरुषको लागि कम्तीमा पाँच फिट तीन इन्च उचाई भएको ।

(छ) उम्मेदवारको छाती नफूल्लाउँदा घटीमा एकतिस ईन्च र फुल्लाउँदा तेत्तिस ईन्च भएको ।

(ज) उम्मेदवारको आँखा -१.५ वा +१.५ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।

(ञ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ट) महिला उम्मेदवारको तौल ४५ कि.ग्रा. र पुरुष उम्मेदवारको तौल ४८ कि.ग्रा. भएको ।

(२) उपदफा (१) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि सेवा करारमा लिईने नगर प्रहरीको लागि उमेरको हद तीस वर्ष ननाघेको हुनुपर्नेछ । उपदफा (ज) उम्मेदवारको आँखा -१.५ वा +१.५ भन्दा बढी कमजोर नभएको र उपदफा (ञ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको प्रमाण पेश गर्नु पर्ने छैन तर छनौट परीक्षामा गाउँपालिका क्षेत्र भित्र उपलब्ध नेत्र सहायहकबाट आँखा जाँच गराउँदा उम्मेदवारको आँखा -१.५ वा +१.५ भन्दा बढी कमजोर नभएको तथा ल्याव टेक्निसियनबाट सुगर, एचआईभि, हेपाटाईटिस बि, क्षयरोग, युरिक एसिड र जण्डिस जाँच गराउदा र हेल्थ अशिष्टेन्ट वा सि.अ.हे.व. छैंटौ तहबाट प्रेशर लगायत अन्य शरीरिक स्वास्थ्य परीक्षण गराउँदा नतिजा सामान्य (Normal) देखिएका उम्मेदवारलाई नेत्र सहायक, ल्याव टेक्निसियन र हेल्थ अशिष्टेन्ट वा सि.अ.हे.व. छैंटौ तहको सिफारिसको आधारमा नगर प्रहरीमा छनौट गर्न सकिनेछ ।

**११. योग्यताक्रम सूची र नियुक्ति सम्बन्धी व्यवस्था** :- (१) पदपूर्ति समितिले उम्मेदवारहरुले छोटो सूचि (Short Listing), लिखित परीक्षा, प्रयोगात्मक र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा नगर प्रहरी उम्मेदवारहरुको योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नुपर्नेछ । यसरी सिफारिस गर्दा कूल रिक्त पदको वढीमा वीस प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम **पदपुर्ति समितिबाट सिफारिस** भएको सात दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनुपर्नेछ ।

३) सिफारिस भएको ७ दिन भित्र नियुक्ति लिन नआउने उम्मेदवारको योग्यता क्रम खारेज गरि वैकल्पिक योग्यता क्रममा पहिलो हुनेलाई ७ दिन भित्र नियुक्ति लिन सुचना गर्नु पर्ने छ । वैकल्पिक उम्मेदवारले पनि ७ दिन भित्र नियुक्ति नलिए क्रमश योग्यता क्रम अनुसारका वैकल्पिक उम्मेदवारलाई ७ दिन भित्र नियुक्ति लिन सूचना गरि नियुक्ति गरिनेछ ।

(४) उपदफा (१) बमोजिमका वैकल्पिक उम्मेदवारले एक वर्षसम्म नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१२. नियुक्ति गर्ने अधिकारी** :- (१) पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले अनूसूची-१ को ढाँचामा पद तथा गोपनियताको सपथ गराउनु पर्नेछ ।

**१३. सूचनाको म्याद** :- (१) पदपूर्तिको लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रिय स्तरको पत्रिकामा समेत सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित नगरेमा त्यस्तो विज्ञापन स्वतः रद्ध भएको मानिनेछ ।

**१४. परीक्षणकाल** :- (१) खुल्ला प्रतियोगिताद्वारा स्थायी रुपमा नियुक्ति गरिएका नगर प्रहरीको एक वर्षको परीक्षणकाल हुनेछ तर महिला नगर प्रहरीको हकमा परीक्षणकालको अवधि छ महिनाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षणकालमा रहेको नगर प्रहरीको काम सन्ताोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकास दिन सक्नेछ ।

## परिच्छेद-५

## सरुवा तथा बढुवा

**१५. सरुवा सम्बन्धी व्यवस्था** :- गाउँपालिकाको विभिन्न वडा एवं कार्य क्षेत्रमा नगर प्रहरी प्रमुखको सिफारिसमा अधिकृत स्तरका नगर प्रहरीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतले र अन्य नगर प्रहरीको सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नु पर्नेछ ।

**१६. बढुवा सिफारिस समिति** :- (१) यस ऐनको दफा ९ को उपदफा (१) बमोजिम नगर प्रहरीहरुको वढुवा गर्न देहाय बमोजिम बढुवा सिफारिस समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -संयोजक

(ख) गाउँपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य

(ग) गाउँपालिका रहने नगर प्रहरी प्रमुख -सदस्य सचिव

(२) नगर प्रहरीको बढुवा समितिमा गाउँपालिका भित्रको प्रहरी कार्यालयको अधिकृत प्रतिनिधिलाई विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) नगर प्रहरी प्रमुखको बढुवा सिफारिस गर्दा गाउँपालिकाको प्रशासन शाखा प्रमुखले सदस्य सचिवको रुपमा कामकाज गर्नु पर्नेछ ।

**१७. बढुवा गर्ने अधिकारी** :- (१) बढुवा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले बढुवा पत्र दिनु पर्नेछ ।

**१८. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने अवधि** :- (१) नगर प्रहरी निरीक्षक र नायव निरीक्षकको पदमा बढुवा हुन एक तह मुनिको पदमा कम्तीमा ८ वर्ष स्थायी सेवा अवधि भएको र नगर प्रहरी सहायक निरिक्षक र अन्य नगर प्रहरीको हकमा एक तह मुनिको पदमा कम्तीमा ७ वर्ष स्थायी सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी बढुवाको लागि सम्भाव्य उम्मेदवार वन्न सक्ने छैन :-

(क) निलम्वन भएकोमा निलम्बन भएको अवधि भर ।

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधि भर ।

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको मितिले एक वर्षसम्म ।

(घ) हालको पदमा दुई पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म ।

(ङ) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म ।

**१९. कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा हुने** :- (१) नगर प्रहरीलाई बढुवा गर्दा यस ऐन बमोजिम कार्यक्षमताको आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई बढुवा समितिको सिफारिसको आधारमा बढुवा गरिनेछ तर समान अंक प्राप्त गर्ने उम्मेदवारको हकमा देहाय बमोजिम बढुवा निर्णय गरिनेछ ।

(क) बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा सेवा प्रवेश गर्दा कायम भएको योग्यताक्रमको आधारमा ।

(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यस भन्दा एक तह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा ।

(ग) खण्ड (ख) बमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको योग्यताक्रमको आधारमा ।

(२) नगर प्रहरीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायका आधारमा गरिनेछ :

(क) जेष्ठता वापत -३० अंक

(ख) कार्यसम्पादन मूल्याङ्कन वापत -५० अंक

(ग) शैक्षिक योग्यता वापत -१५ अंक

(घ) तालिम वापत -५ अंक

(३) उपदफा (२) बमोजिम कार्यक्षमता मूल्याङ्कन सम्बन्धी आधारहरुलाई देहाय बमोजिमको अंक प्रदान गरिनेछ ।

(क) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको निमित्त तीन अंकका दरले बढीमा तीस अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्ष भन्दा बढी सेवा अवधि भएको महिना वा दिनको लागि दामासाहीले अंक दिइनेछ ।

(ख) कार्यसम्पादन मूल्यांकन वापत वढुवाका लागि आवश्यक पर्ने पछिल्लो सेवा अवधिको तोकिएका पदाधिकारीहरुबाट कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ । कार्य सम्पादन मूल्याङ्कन गर्ने सुपरिवेक्षक, पुनरावलोकन कर्ता र पुनरावलोकन समिति सम्बन्धी व्यवस्था र अंक विभाजन तोकिए बमोजिम हुनेछ ।

(ग) शैक्षिक योग्यता वापतको अंक प्रदान गर्दा हालको पदमा सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए १० अंक, द्वितिय श्रेणी भए ७ अंक, तृतिय श्रेणी भए ५ अंक दिईनेछ । आवश्यक न्युनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको योग्यता भए थप ५ अंक दिईनेछ ।

तर श्रेणी नखुलेको शैक्षिक योग्यताको हकमा तृतिय श्रेणी वा सो सरह अंक प्रदान गरिनेछ ।

(घ) हालको पदमा लिएको सेवाकालीन तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमश पाँच, चार र तीन अंक दिइनेछ ।

## परिच्छेद-६

## गाउँपालिका प्रशासन र नगर प्रहरी बीचको सम्बन्ध

**२०. प्रशासनको नियन्त्रणमा रहने :-** (१) नगर प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष नियन्त्रणमा रहनेछन् ।

(२) नगर प्रहरीको अनुशासन र खटनपटन सम्बन्धी कार्य प्रमुख प्रशासकीय अधिकृत संगको समन्वय/निर्देशनमा नगर प्रहरी प्रमुखले गर्नेछन् ।

## परिच्छेद-७

## विदा सम्बन्धी व्यवस्था

**२१. विदा :-** (१) नगर प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुलता हेरी विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो तजवीजबाट विदा स्वीकृत गर्न वा अस्वीकृत गर्न सक्नेछ । विदा बसेको नगर प्रहरीको जुनसुकै वखत स्वीकृत विदा रद्द गरी कामकाजमा लगाउन सकिनेछ ।

**२२. नगर प्रहरीले पाउने विदा सम्बन्धी व्यवस्था :-** (१) स्थायी नगर प्रहरीले तपशिल बमोजिम विदा पाउनेछन । तर सेवा करारमा नियुक्ति भएका नगर प्रहरीको हकमा सेवा करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(क) भैपरी आउने र पर्व विदा

(ख) किरिया विदा

(ग) प्रसुती विदा

(घ) प्रसुती स्याहार विदा

(ङ) सट्टा विदा

(च) विरामी विदा

**(क) भैपरी र पर्व विदा :** (१) नगर प्रहरीले प्रत्येक वर्ष भैपरी र पर्व विदा १२ दिन पाउनेछ ।

(२) भैपरी र पर्व विदा साधारणतः एक पटकमा ४ दिनमा नबढाई लिन पाइने छ ।

(३) एक आर्थिक वर्षको भैपरी र पर्व विदा अर्को वर्षमा संचित गर्न पाइने छैन ।

(४) भैपरी र पर्व विदा वसेको नगर प्रहरीले पूरा तलव/भत्ता पाउनेछ ।

(५) भैपरी र पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**(ख) किरिया विदा :** (१) नगर प्रहरी आफैं किरियामा वस्नु परेमा कुल, धर्म, परम्परा वा संस्कार अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरीले पूरा तलब/भत्ता पाउनेछ ।

**(ग) प्रसूती विदा** : (१) महिला नगर प्रहरी गर्भवती भएमा निजले सुत्केरी अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदामा वस्ने महिला नगर प्रहरीले पूरा तलब/भत्ता पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ

**(घ) प्रसूती स्याहार विदा** : (१) नगर प्रहरीको पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ ।

(२) प्रसुती स्याहार विदा सेवा अवधिमा दुई पटकसम्म लिन सकिनेछ ।

(३) प्रसूति स्याहार विदामा वस्ने नगर प्रहरीले पूरा तलब/भत्ता पाउनेछ ।

**(ङ) सट्टा विदा** : सार्वजनिक विदाको दिन कामकाज गर्ने नगर प्रहरीलाई पालो मिलाई विदा स्वीकृत गर्ने अधिकारीले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन । तर करार सेवामा नियूक्त नगर प्रहरीहरुको हकमा करार सम्झौतामा उल्लेख भए अनुसारको विदा मात्र पाउनेछ ।

**(च) विरामी विदा** : (१) नगर प्रहरीले प्रत्येक वर्षमा १२ दिन विरामी विदा विदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको विदा संचित गरी राख्न सकिनेछ ।

**२३. विदा स्वीकृत गर्ने अधिकारी** :- नगर प्रहरीको बिदा स्वीकृत देहाय बमोजिम हुनेछ :-

| क.स. | विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | भैपरी र पर्व विदा | नगर प्रहरी प्रमुख | |
| २ | किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | प्रसुती विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सट्टा विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ५ | प्रसुति स्याहार विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ६ | विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत | |

**२४. विदा स्वीकृत नगराई घर वस्ने नगर प्रहरीलाई सेवाबाट हटाउने** :- (१) यस ऐन वमोजिम विदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कार्यालयमा हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लंघन गर्ने नगर प्रहरीलाई सेवाबाट हटाउन सकिनेछ ।

**२५. विदा अभिलेख राख्ने** :- विदा स्वीकृत भए पश्चात विदाको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

**२६. झूटो कारण देखाई विदा बसेमा कारवाही हुने** :- झूटो कारण देखाई विदा बसेको पाईएमा त्यस्तो नगर प्रहरीलाई सेवाबाट हटाउन सकिनेछ ।

## परिच्छेद-८

## आचरण सम्वन्धी व्यवस्था

२७. **नगर प्रहरीको आचरण :** नगर प्रहरीहरुले देहाय बमोजिम आचरण पालना गर्नुपर्नेछ :-

(१) **समय पालना र नियमितता** : नगर प्रहरी नेपाल सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्नेछ र विदा स्वीकृत नलिई काममा अनुपस्थित हुनु हुदैन ।

(२) **अनुशासन र आज्ञापालन** : आफू भन्दा माथिको अधिकृतले दिएको आदेश पालना गर्नुपर्ने र उचित आदर देखाउनु पर्नेछ ।

(३) **राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने :** कुनै पनि नगर प्रहरीले आफ्नो सेवा सम्वन्धी कुरामा मतलव साध्य गर्ने उदेश्यले अन्य कुनै राजनितिक वा अवाञ्छनिय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन । निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्ने छैन ।

(४) **राजनितिमा भाग लिन नहुने :** नगर प्रहरीले राजनितिमा भाग लिनु हुँदैन ।

(५) **सरकारको आलोचना गर्न नहुने** : कुनै पनि किसिमले सरकारको आलोचना गर्न पाईने छैन ।

(६) **सरकारी कामकाज सम्वन्धी समाचार प्रकाशन गर्नमा प्रतिवन्ध** : कुनै नगर प्रहरीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकाय वा प्रेसलाई उपलव्ध गराउनु हुँदैन र गाउँपालिका लाई खलल पुग्ने गरी वा गाउँपालिकाको विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन । तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(७) **दान उपहार चन्दा आदि प्राप्त गर्न र सापटी लिन प्रतिवन्धः** सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरीले गाउँपालिकाको पूर्व स्वीकृति विना आफुले वा आफ्नो परिवारको कुनै सदस्यले कसैबाट दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसंग सम्वन्धित व्यक्तिसंग सापटी लिन हुदैन ।

(८) **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने** : गाउँपालिकाको स्वीकृति वेगर कुनै कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न पाइनेछैन ।

(९) **सम्पति विवरण पेश गर्ने :** आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको मितिले ३ महिना भित्र र हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र गाउँपालिका मा पेस गर्नु पर्नेछ ।

(१०) **यातना दिन नहुने** : नगर प्रहरीले कसैलाई पनि यातना दिनु हुँदैन ।

(११) **सेवाग्राहीप्रतिको व्यवहार** : नगर प्रहरीले आफ्नो कामसँग सम्वन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नुपर्नेछ ।

(१२) **आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्ने** : प्रत्येक नगर प्रहरीले आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्नेछ ।

## परिच्छेद-९

## सजाय र पुनरावेदन

**२८. सजाय** :-(१) उचित र प्रर्याप्त कारण भएमा नगर प्रहरीलाई देहायको सजाय गर्न सकिनेछः-

(क) नसिहत दिने ।

(ख) तलव वृद्धि वा बढुवा रोक्का गर्ने ।

(ग) तल्लो तहमा घटुवा गर्ने ।

(घ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**२९. नसिहत दिने** :- (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पुरा नगर्ने नगर प्रहरीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम एक वर्षमा दुई पटक भन्दा बढी नसिहत पाएका नगर प्रहरीलाई प्रक्रिया पूरा गरी सेवाबाट हटाईनेछ ।

**३०. तलब वृद्धि वा बढुवा रोक्ने** : (१) नगर प्रहरीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**३१. तल्लो तहमा घटुवा गर्ने** :- (१) कुनै नगर प्रहरीले देहाय बमोजिको कसुर गरेमा सजाय गर्ने अधिकारीले तल्लो तहमा घटुवा गरी सोही घटुवा भएको तहको तलव भत्ता उपलव्ध गराईनेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीनता गरेमा ।

(ग) आचरणसम्वन्धी ऐन उल्लंघन गरेमा

(घ) गाउँपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(ङ) मनासिव कारण विना वा विदा स्वीकृत नगराई विदामा बसेमा ।

(च) तोकिए बमोजिम जिम्मेवारीमा लापरवाही गरेमा वा पुरा नगरेमा ।

**३२. अयोग्य नठहरिने गरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने** :- (१) नगर प्रहरीले देहाय बमोजिमको कसूर गरेमा सजाय गर्ने अधिकारीले स्थानीय तहमा अयोग्य नठहरिने गरी सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(ग) पटक पटक अनुशासनहीन काम गरेमा

(घ) कार्यालय समयमा मादक पर्दाथ सेवन गरी हिडेमा ।

(ङ) पदिय जिम्मेवारी अनुसारको आचरण नगरेमा ।

(च) आचरण सम्वन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा ।

(छ) झुट्टा विवरण पेश गरेमा ।

**३३. अयोग्य ठहरिने गरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने** :- (१) नगर प्रहरीले देहाय बमोजिमको कसूर गरेमा सजाय गर्ने अधिकारीले स्थानीय तहमा अयोग्य ठहरिने गरी सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा ।

(ख) प्रचलित कानुन बमोजिम भ्रष्टाचारजन्य कसूर गरेमा

**३४. सजाय सम्बन्धी कार्यविधि** :- (१) नगर प्रहरीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सफाई पेश गर्ने आदेश दिँदा लगाईएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको सम्वन्धमा यस ऐन वमोजिमको ऐनको रीत पुऱ्याउनु पर्ने छैन ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।

तर

(क) निलम्वित नगर प्रहरी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिमा तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउनेछ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै नगर प्रहरी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

## परिच्छेद-१०

## अवकाश, तलब भत्ता सम्बन्धी व्यवस्था

**३५. अनिवार्य अवकाश** :- (१) स्थायी नियुक्ति भएका देहायका नगर प्रहरीको देहाय बमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पुरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

(क) नगर प्रहरी नायब निरीक्षक -५० वर्ष

(ख) नगर प्रहरी सहायक निरीक्षक -४८ वर्ष

(ग) नगर प्रहरी हवल्दार -४५ वर्ष

(घ) नगर प्रहरी जवान -४५ वर्ष

**३६. अवकास दिन सक्ने** :- सजाय गर्ने अधिकारीले देहायको अवस्थामा कुनै पनि नगर प्रहरीलाई सेवाबाट अवकास दिन सक्नेछ :-

(क) कुनै नगर प्रहरीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकायलाई दिएमा वा दिने प्रयास गरेको कुरा प्रमाणित भएमा ।

**३७. तलब भत्ता** :- (१) नगर प्रहरीले नियुक्ति भएको मिति देखि तलव/भत्ता पाउने छ ।

(२) उपदफा (१) बमोजिम तलव/भत्ता नेपाल सरकारबाट नेपाल प्रहरीका उल्लेखित पदको लागि तोके सोसरह हुनेछ ।

**३८. तलव वृद्धि** :- (१) नगर प्रहरीलाई एक वर्ष सेवा अवधि पुरा गरे पश्चात एक ग्रेड वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको ग्रेड रकम सभाले तोके बमोजिम हुनेछ । तर यस्तो तलव वृद्धि वढीमा ७ वर्षभन्दा वढी हुने छैन ।

**३९. सेवा करारमा नियुक्त हुने नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था** :- सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको तलब र अन्य सुविधाहरु गाउँ कार्यपालिकाले निर्णय बमोजिम हुनेछ ।

**४०. चाडपर्व खर्च पाउने** :- नगर प्रहरीले आफूले खाइपाइ आएको एक महिना बराबरको तलब वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन् ।

**४१. पोशाक सम्बन्धी व्यवस्था** :- (१) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पोशाकको लागि आवश्यक पोशाक भत्ता नेपाल सरकारबाट नेपाल प्रहरीका उल्लेखित पदको लागि तोके सोसरह हुनेछ ।

(३) उपदफा (२) बमोजिको भत्ता रकम वर्षको एक पटक उपलव्ध गराईनेछ ।

**४२. रासन भत्ता सम्वन्धी व्यवस्था** :- (१) नगर प्रहरीले स्थायी नियुक्ति पाएको मिति देखि रासन भत्ता पाउने छन ।

(२) उपदफा (१) बमोजिम रासन भत्ता नेपाल सरकारबाट नेपाल प्रहरीका उल्लेखित पदको लागि तोके सोसरह हुनेछ ।

## परिच्छेद-११

## उपचार खर्च सम्वन्धी व्यवस्था

**४३. उपचार खर्च** :- (१) नगर प्रहरी कामकाजका सिलसिलामा विरामी भएमा औषधी उपचारको लागि देहाय बमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्चवापत दिनेछ :-

(क) अस्पतालमा उपचार गराउँदा लागेको विल बमोजिमको रकम र मान्यता प्राप्त अस्पतालको चिकित्सकले सिफारिस गरे बमोजिमको औषधी खर्च ।

(ख) प्लाष्टिक सर्जरी र सरकारी अस्पतालमा अप्रेशन गर्दा लागेको विल बमोजिमको रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरीलाई सेवा अवधिभरमा अधिकृतस्तरको भए १० महिना र सो भन्दा मुनिको पदको लागि १२ महिना वरावरको रकम एकमुष्ठ उपचार खर्च वापत दिईनेछ । यसरी उपलव्ध गराईने रकम सेवाबाट अवकास हुदाँका वखत उपलव्ध गराईनेछ ।

(३) झुट्टा विवरण पेश गरी उपचार खर्च माग गर्ने वा लिने नगर प्रहरी उपर यस ऐनको दफा ३२ बमोजिम कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिइ सकेको भए सो रकम समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-१२

## विविध

**४४. तालिम सम्बन्धी व्यवस्था** :- (१) नयाँ नियुक्ति हुने नगर प्रहरीलाई बढीमा पैतीस दिनको तालिम नेपाल प्रहरी एवं नेपाली सेना मार्फत दिई कामकाजमा खटाईनेछ ।

(२) उपदफा (१) बमोजिम तालिमको पाठ्यक्रम र विधि तोकिए बमोजिम हुनेछ ।

**४५. गाउँपालिकाको अधिनमा रहने** :- नगर प्रहरीहरु चौविस घण्टा गाउँ कार्यपालिकाको कार्यालयको अधिनमा रहनेछन् र जुनसुकै समयमा पनि कामकाजमा लगाउन सकिनेछ ।

**४६. सेवा करार सम्वन्धमा** :- (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सेवा करारमा नगर प्रहरी नियुक्ति गर्न कुनै वाधा पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम नियुक्ति गरिने नगर प्रहरीको सेवा सुविधा लगायतका विषय करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सेवा करारका नगर प्रहरीलाई यस ऐनको दफा ४२ बमोजिम रासन भत्ता उपलव्ध गराईनेछ ।

**४७. ऐनमा संशोधन गर्न सक्ने** :- सभाले यो ऐन कार्यान्वयन गर्ने क्रममा आवश्यकता अनुसार संसोधन, थपघट तथा परिमार्जन गर्न सक्नेछ ।

**४८. नियमावली तथा कार्यविधि बनाउन सक्ने** :- कार्यपालिकाले यो ऐन कार्यान्वयनको लागि आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

**४९. अमान्य हुने** :- यो ऐन नेपालको संविधान, संघिय कानुन, प्रदेश कानुन तथा स्थानीय सरकार ऐन २०७४ तथा अन्य प्रचलित कानुनसंग यस ऐनका कुनै दफाहरु बाझिएको हदमा स्वतः अमान्य हुनेछ ।

अनुसूची -१

(दफा १२ को उपदफा (२) संग सम्वन्धित)

**शपथ ग्रहण**

म ................ .................. ईश्वरको नाममा शपथ लिन्छु कि स्थानीय तहको नगर प्रहरीको हैसियतले मलाइ तोकिएको काम मेरो ज्ञान र विवेकले जाने बुझेसम्म ईमान, धर्म तथा कर्तव्य सम्झी देश र सरकारप्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही प्रचलित कानुनको व्यवस्थाको अधिनमा रही आफ्नो कर्तब्यको पालना गर्नेछु । मलाइ ज्ञात हुन आएको कुनै सरकारी गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म सेवामा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

**शपथ ग्रहण गर्नेको**

(क) नाम : .................

(ख) दस्तखत :

(ग) मिति :

(घ) सेवा :

(ङ) समुह :

(च) तह :

**शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको**

(क) नाम : .................

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

(ङ) कार्यालय :

**आज्ञाले,**
**मणिराम खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**